महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## रामारोशन गाउँपालिका

अछाम





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल


महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## रामारोशन गाउँपालिका

अछाम




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## रामारोशन गाउँपालिका

अछाम

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय सुदूरपश्चिम

पत्र संख्याः २०७९।८०
च.नं.४९६,

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
रामारोशन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
अछाम ।

**कैफियत सहितको राय**

हामीले रामारोशन गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ७ करोड ५० लाख ७८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ५९ लाख ४० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ४७ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु २ करोड .४४ लाख ४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १२ करोड ३६ लाख १४ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १९ करोड ८६ लाख ९२ हजार रहेको छ । गाउपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३.गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

रामारोशन गाउपालिका अछाम

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोध भर्ना नलिए को | जम्मा | |
| ३८ | १८ | ७५०७८ | ० | ० | ० | ३८ | १८ | ७५०७८ | ५९४० | २४४०४ | ४४७३४ | ० | ० | ६९१३८ | ० |

### २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रामारोशन गाउपालिका अछाम | १२३६१४ | ० | ० | १२३६१४ | ० | ७५०७८ | १९८६९२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : रामारोशन गाउँपालिका, अछाम , रामारोशन गाउँपालिका , अछाम

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम बहादुर भण्डारी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | झनक प्रसाद न्यौपाने | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७५,०७८,४८९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,९२,७६,५३९.२९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४१,१०,५८,०२७ | **चालु खर्च** | ३४,६०,७०,३९८.६२ |
| **प्रदेश सरकारबाट अनुदान** | २,७८,८०,००० | **पूँजीगत खर्च** | १५,४२,८४,५४१ |
| **राजश्व बाँडफाँट** | ८,३७,५०,४९९.९९ | **वित्तीय/अन्य व्यवस्था** | १३,६४,१५,२७५.६५ |
| **आन्तरिक आय** | १७,४१,१३७.०१ | | |
| **अन्य आय** | १२,१०,७६,०६७.२५ | | |

| **कुल आय** | ६४,५५,०५,७३१.२५ | **कुल खर्च** | ६३,६७,७०,२१५.२७ |
|---|---|---|---|
| **बाँकी मौज्दात** | | ३,८०,१२,०५५.२७ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्बन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३६ सभा सदस्य, १७३.३३ वर्ग किलोमिटर क्षेत्रफल तथा २९ हजार ६२३ जनसंख्या रहेको छ । | |
| २ | | | **स्थानीय सञ्चित कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८\|७९ को समग्र संचितकोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।<br><br>वित्तीय प्रतिवेदन | |

| आ.व. ः २०७८/७९ अवधि : २०७८/०४/०१ - २०७९/०३/३२ | | | |
|---|---|---|---|
| प्राप्तीभुक्तानी हिसाव | | | |
| विवरण | टिप्प | यसवर्ष रु. | गतवर्षरु. |

| | णी | बजेट | आफैलेगरेको प्राप्तिरभुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्तिरभुक्तानी | वस्तुगत/सोझैभुक्तानी | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ५७,५८,६३,८१७ | ५०,१६,५६,५९१.९६ | ५४,००,००० | ५०,७०,५६,५९१.९६ | ५२,५२,७८,३६९.७२ | २६,७८,२७७.४५ | ५२,७९,५६,६४७.१७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५७,१७,६७,२५२ | ४९,७०,९३,७६६.९६ | ५४,००,००० | ५०,२४,९३,७६६.९६ | ४८,६५,०६,९१८.३१ | २६,७८,२७७.४५ | ४८,९१,८५,१९५.७६ |
| ११००० कर | ११ | ८,७२,१८,००० | ८,६७,४२,३९६.८९ | ० | ८,६७,४२,३९६.८९ | ७,३१,९९,५६४.११ | ० | ७,३१,९९,५६४.११ |
| १३००० अनुदान | | ४५,९६,७२,००० | ४०,९३,५१,३७०.०७ | ५४,००,००० | ४१,४७,५१,३७०.०७ | ४१,२०,०७,३५४.२० | २६,७८,२७७.४५ | ४१,४६,८५,६३१.६५ |
| संघीय सरकार | १२ | ४३,१७,९२,००० | ३९,०३,९५,८६२.०७ | ५४,००,००० | ३९,५७,९५,८६२.०७ | ३५,४७,२०,३७४.२० | २६,७८,२७७.४५ | ३५,७३,९८,६५१.६५ |
| प्रदेश सरकार | १२ | २,७८,८०,००० | १,८९,५५,५०८ | ० | १,८९,५५,५०८ | ५,७२,८६,९८० | ० | ५,७२,८६,९८० |
| १४००० अन्य राजस्व | | २,४८,७७,२५२ | १०,००,००० | ० | १०,००,००० | १३,००,००० | ० | १३,००,००० |
| ख. अन्य प्राप्ति | | ४०,९६,५६५ | ४५,६२,८२५ | | ४५,६२,८२५ | ३,८७,७१,४५१.४१ | | ३,८७,७१,४५१.४१ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ४०,९६,५६ | ४०,९७,५६५ | ० | ४०,९७,५६५ | ३,३७,०९,० | ० | ३,३७,०९,० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ५ | | | | ३५.६६ | | ३५.६६ |
| धरौटी | | ० | ४,६५,२६० | ० | ४,६५,२६० | ५०,६२,४१५.७५ | ० | ५०,६२,४१५.७५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५९,७३,३०,०८४.२१ | ४९,८५,५१,४११.३७ | ६४,००,००० | ५०,४९,५१,४११.३७ | ५२,३३,१९,७५९.२९ | २,००,९१,८७७.४५ | ५४,३४,११,६३६.७४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५९,३२,३३,५१९.२१ | ४९,३९,५४,९३९.६२ | ६४,००,००० | ५०,०३,५४,९३९.६२ | ५०,४६,३८,६५७.२९ | २,००,९१,८७७.४५ | ५२,४७,३०,५३४.७४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १३,१३,५७,१२५ | १२,७५,०५,३१६.५५ | ० | १२,७५,०५,३१६.५५ | १४,३५,७३,५५२.२९ | ६,२६,९४६.५२ | १४,४२,००,४९८.८१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,४०,२०,८६८.२१ | १०,४०,३३,५९७.४२ | २५,००,००० | १०,६५,३३,५९७.४२ | ८,१४,१२,५६२ | ६१,९६,९३०.९३ | ८,७६,०९,४९२.९३ |
| २५००० सहायता (क्गदकप्मथ ० | १८ | १०,२९,४०,००० | ९,९२,१५,३०२.६५ | ० | ९,९२,१५,३०२.६५ | ४,७१,७५,४४६ | ० | ४,७१,७५,४४६ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २६००० अनुदान | १८ | ० | ० | ० | ० | २,९८,००० | ० | २,९८,००० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १,४०,९८,००० | ६८,७१,८०८ | ० | ६८,७१,८०८ | ३,५०,७९,७५० | ० | ३,५०,७९,७५० | |
| | | | २८००० अन्य खर्च | १८ | ६१,८०,०७४ | ५९,४४,३७४ | ० | ५९,४४,३७४ | ५५,३४,२५० | ० | ५५,३४,२५० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २१,४६,३७,४५२ | १५,०३,८४,५४१ | ३९,००,००० | १५,४२,८४,५४१ | १९,१५,६५,०९७ | १,३२,६८,००० | २०,४८,३३,०९७ | |
| | | | घ. अन्य भूक्तानी | | ४०,९६,५६५ | ४५,९६,४७१.७५ | | ४५,९६,४७१.७५ | ५२,३३,११,७५९.२९ | २,००,९१,८७७.४५ | ५४,३४,०३,६३६.७४ | |
| | | | कोषहरु | | ४०,९६,५६५ | ३९,९७,८६७ | ० | ३९,९७,८६७ | १,७४,३७,९१२ | ० | १,७४,३७,९१२ | |
| | | | धरौटी | | ० | ५,९८,६०४.७५ | ० | ५,९८,६०४.७५ | १२,३५,१९० | ० | १२,३५,१९० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | ङ. यो वर्षको | | ९२,१४,६६,२६७.२१) | ३१,०५,१८०.५९ | ९१०,००,०००) | २१,०५,१८०.५९ | १९,५८,६१०.४३ | ९१,७४,१३,६००) | ९१,५४,५४,९८९.५७) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बचत (न्युन) | | | | | | | | |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,५४,७७,२७२.९६ | | २,५४,७७,२७२.९६ | १,८३,७८० | | १,८३,७८० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२,१४,६६,२६७.२१) | २,८५,८२,४५३.५५ | (१०,००,०००) | २,७५,८२,४५३.५५ | २१,४२,३९०.४३ | (११,७४,१३,६००) | (११,५२,७१,२०९.५७) |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १,७७,४०,६८३.८८ | | १,७७,४०,६८३.८८ | ४,४२,४७,२६१.९० | | ४,४२,४७,२६१.९० |
| | | | | | | | | |
| लेखा प्रमुख | | | कार्यकारीअधिकृत | | | महालेखापरीक्षककोकार्यालय | | |
| पालिकाबाट प्रमाणिकरण मितिः | | | | | | | | |

स्थानीय संचित कोष व्यवस्थापन प्रणाली(सूत्र): स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र)को प्रयोग गरे तापनि तपशील बमेजिमका श्रेस्ता सूत्रमा प्रविष्ट नगरी CGAS खाता राखेकोले पालिकाको हिसाव यथार्थपरक मान्न सकिएन ।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>निकासा</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>सामाजिक सुरक्षा तथा सरक्षण</td><td>११५६५४२८४.</td><td>११५६५४२८४.</td></tr>
<tr><td>२</td><td>एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम</td><td>१९०२३५५.</td><td>१९०२३५५.</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११७५५६६३९.</td><td>११७५५६६३९.</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः<br><br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी सोको अभिलेख राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ६ वटा नियमावली ९ कार्यविधि लगायत २९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।</td><td></td></tr>
</table>

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,३६,१९,००० | २२५६५६२६ | ४.५१ |
| २ | सामाजिक विकास | ३४,७१,४७,८७५ | ३०६०९५५७७ | ६१.१८ |
| ३ | पूर्वाधार विकास | ९,५१,८२,४५२ | ६९०४७७९३ | १३.८० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,३८,५४,००० | १३१९६३९७ | २.६३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११,३४,३०,१९२.२१ | ८९४४९५४८ | १७.८८ |
| कुल जम्मा | | ५९३२३३५१९ | ५००३५४९४० | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ६१.१८ प्रतिशत, पूर्वाधार विकासमा १३.८०, कार्यालय संचालन तथा प्रशासनिकमा १७.८८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा २.६३ प्रतिशत रहेको छ । आर्थिक विकासतर्फ ४.५१ प्रतिशत मात्र खर्च रहेको देखियो । अत: आर्थिक विकास र सुशासनको क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।

६

**बजेट तथा कार्यक्रम तर्जूमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जूमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जूमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७

**चौमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रमको नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुंजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| गा.प पूंजीगत खर्च | ५४५४९५४० | १००९३४१४ | ३५००९५५ | ४०९५५१ | १३८७२३५२ |
| सशर्त पुँजीगत | ८१९२८३६२ | ० | १३७४९१२ | ८०५५३४५० | ८०६४६१९३ |
| प्रदेश समपूरक पुँजीगत | ५५२७७०८ | ० | ३१०८५७७ | २४१९१३१ | ८७००० |
| प्रदेश पुँजीगत | १२२७८९३१ | ० | ५३५३१५ | ११७४३६१६ | ९१५९८१६ |
| एकिकृत स्वा. | १९०२३५५ | ० | ० | १९०२३५५ | १९०२३५५ |
| जम्मा | १५६१८६८९६ | १००९३४१४ | ८५१९७५९ | १३७५७३७२३ | १०२६६७७१६ |
| | | ६.४६% | ५.४५% | ८८.००% | ६५.००% |

माथि उल्लेखित तालिका अनुसार पालिकाको कूल पुँजीगत खर्च रु १५६१८६८९६। भएकोमा प्रथम चौमासिकमा ६.४६%, दोस्रो चौमासिकमा ५.४५%, तेस्रो चौमासिकमा रु ८८% र आषाढमा मात्र ६५% खर्च गरेको देखिएकोले सबै चौमासिकमा सन्तुलन मिलाएर खर्च गर्नुपर्ने देखिन्छ ।

<table>
<tr>
<td>८</td>
<td></td>
<td></td>
<td>बजेट पेश, पारित र अख्तियारी<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सरस्वती रावलले मिति २०७८।३।१७ गते रु.५० करोड ९५ लाख ६० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।६।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।७।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>९</td>
<td></td>
<td></td>
<td>अनुदान फिर्ता गर्नुपर्ने<br><br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. ०७४।७५ च.नं.१०६४ मिति २०७५।०३।०३ को सशर्त अनुदान रकम फिर्ता सम्वन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतवाट प्राप्त भएको रकम २०७९ आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा सशर्त नेपाल सरकार सशर्त, समपूरक र प्रदेश सरकारको सशर्त समपूरक र विशेष अनुदानको रकम रु.३३,४०,५०,०२७। निकासा र रु ३१,४४,६५,५०२। खर्च भई बाँकी रु १,९५,८४,५२५। फिर्ता गर्नुपर्नेमा रु.१,६६,५२,६५६।९३ मात्र फिर्ता गरेकोले बाँकी रु २९,३१,८३८। संघीय सञ्चितकोष फिर्ता गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th><th>फिर्ता रकम</th><th>फिर्ता गर्न बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>सशर्त</td><td>३०८९५८०२७</td><td>२९२६८१११४</td><td>१६२७६९१३</td><td>७७०४१६५.</td><td>०</td></tr>
<tr><td></td><td>समपूरक</td><td>४००००००</td><td>३९७७७४८</td><td>२२२५२</td><td>६५५७९९९.९</td><td>०</td></tr>
</table></td>
<td>२,९३१,८३८</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>३</td><td></td></tr>
<tr><td>प्रदेश सरकार</td><td>सशर्त</td><td>८०२४०००</td><td>७३५१११९</td><td>६७२८८१</td><td>२३९०४९२.</td><td>०</td></tr>
<tr><td></td><td>विशेष</td><td>५००००००</td><td>४९२७८१३</td><td>७२१८७</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>समपूरक</td><td>८०६८०००</td><td>५५२७७०८</td><td>२५४०२९२</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३३४०५००२७</td><td>३१४४६५५०२</td><td>१९५८४५२५</td><td>१६६५२६५७</td><td>२९३१८३८</td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>९.१</td><td>अनुदान फिर्ता गर्नुपर्ने</td><td>२९,३१,८३८</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>१०</td>
<td></td>
<td></td>
<td>बजेट सीमा निर्धारण समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जूमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरीसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जूमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>११</td>
<td></td>
<td></td>
<td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित १६ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत सहित १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १२ | | | **करार कर्मचारी**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ८ पदमा ७१ जना कर्मचारीहरु करारमा राखी रु.२२९०५८४५१। खर्च लेखेको छ । | |

| क्र.स. | कर्मचारीको विवरण | तलव | पोशाक भत्ता | जम्मा | स्रोत | कर्मचारी सख्या |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय करार | ८३१००५५ | २७०००० | ८५८००५५ | गा पा | ३२ |
| २ | स्वास्थ्य करार | ५६५१६७३ | २०००० | ५६७१६७३ | गा पा | २० |
| ३ | मातृ तथा नवजात शिशु करार | १७२९६५० | ५०००० | १७७९६५० | सशर्त /गापा | ५ |
| ४ | एक गाउँ एक प्राविधिकतर्फ | २६७३५०३ | ७०००० | २७४३५०३ | सशर्त /गापा | ७ |
| ५ | पञ्जिकरण कार्यक्रम | ११४३६६० | ३०००० | ११७३६६० | सशर्त /गापा | ३ |
| ६ | रोजगार सेवा केन्द्र | १६५९५७४ | ३०००० | १६८९५७४ | सशर्त | ३ |
| ७ | सूचना प्रविधि अधिकृत | ४९३८७० | १०००० | ५०३८७० | अन्य अनुदान/गापा | १ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>लघु उद्यम सहजकर्ता</td><td>७४३८६०</td><td>२००००</td><td>७६३८६०</td><td>सशर्त</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२२४०५८४५</td><td>५०००००</td><td>२२९०५८४५</td><td></td><td>७१</td></tr>
</table>
त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्वर, इलेक्टीसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ८ पदमा ७१ जना कर्मचारीहरु करारमा राखी रु.२२९०५८४५१। भुक्तानी गरेको पाइयो ।
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>कर्मचारी कल्याण कोष<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोष स्थापना गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>सरकारी साधनमा निजी नम्वर प्लेट</td><td></td></tr>
<tr><td>१४.१</td><td>४७</td><td>२०७८-१०-२१</td><td>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाउँपालिकाले ४ थान दुई पाँग्रे सवारी साधन खरिदमा रु.२३८९९००/०० खर्च गरेको छ यसमा देखिएको व्यहोरा निम्न छन
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१४.१.१</td><td></td><td>२३८९९००/००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>कार्यालयबाट खराद भएको सवारी साधनमा सरकारी सेतो नम्बर प्लेट भएको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय अनुसार रु २०७४८०० मोटरसाइकल खरिद गरेकोमा सक्कल विजक पेश नभएको र रातो प्लेटमा संचालनमा रहेको देखिएकोले</td><td>२,०७४,८००</td></tr>
</table>

सरकारी नम्बर प्लेट परिवर्तन गरी सक्कल विजक पेश गर्नुपर्ने देखिएको रु

| सि.नं | विवरण | रकम |
|---|---|---|
| १ | किसन ट्रेडिङ्ग कन्सर्नबाट खरीद sl -७९० | ६४९९०० |
| २ | किसन ट्रेडिङ्ग कन्सर्नबाट खरीद sl -७९१ | ६४९९०० |
| ३ | किसन ट्रेडिङ्ग कन्सर्नबाट खरीद sl -७९२ | ७७५००० |
| ४ | ६७/०७९/३/1 इन्द्रसरा आय स्टोर सांफेवगर | ३०४९०० |
| | जम्मा | २३७९७०० |

| **क्रम** | **कर्मचारीको/फर्म/संगठन नाम** | **असुली रकम** |
|---|---|---|
| १४.२.१ | सरकारी सवारी साधनमा निजी नम्वर प्लेट | २०,७४,८०० |

१५

**शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्‍यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २७ सामुदायिक विद्‍यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्‍यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः

| क्र.सं | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार/राहत | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ४६ वटा विद्यालय | १९० | १९० | १३८ | १०७५४ |

| | | | | |
|---|---|---|---|---|
| | | | यस पालिका अन्तर्गत ४६ विद्यालयमा १९० दरबन्दी रहेकोमा १९० पदमा स्थायी पदपूर्ति भएको र १३८ पदमा अस्थायी तथा राहत शिक्षक रहेको देखिन्छ । ती विद्यालयहरूमा विद्यालय तथ्याङ्क विवरण अनुसार कुल विद्यार्थी सख्या १०७५४ रहेको छ । दरबन्दी अनुसारको शिक्षक पदपूर्ति हुनुपर्दछ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा समायोजन गर्नुपर्दछ । | |
| १६ | | | **वित्तीय विवरण**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात ?रु १९८४०६६३।३९ ले फरक देखिएको छ ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | • |

| | | | | |
|---|---|---|---|---|
| १७ | | | **खर्च विश्लेषण**<br><br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु २२५३९२८४/ राजस्व बाँडफाँड र अनुदानबाट रु ६६९३६०४७६।२९ अन्य आयबाट रु ५४२१७९४।२५ समेत रु६७४७८२२७०।५४ आम्दानी भएकोमा चालु तर्फ रु३४६०७०३९८।६२ पूँजीगततर्फ रु १५४२८४५४१। र वित्तीय ब्यबस्थातर्फ रु१३६४१५२७५।६५ समेत रु ४३६७७०२१५।२७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५% प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ७१९३१११/खर्च भएको छ जुन आन्तरिक आयको ३२ % प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकम बाट चालुमा ७९% प्रतिशत र पुँजीगत निर्माणमा ३५% खर्च भएको देखिन्छ । | |
| १८ | | | **बैंक हिसाव मिलान**<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिकरुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । कार्यालयले पेश गरेको विवरण अनुसार श्रेस्ता अनुसार बाँकी रु १६९७९६८३।८८ बैक अनुसार बांकी रु ३६८२०३४७।२७ बैक बढी रु १९८४०६६३।३९ देखिएकोले बैक हिसाव समायोजन विवरण तयार गरी बैक बढी देखिएको रकम आम्दानी देखाउनुपर्ने देखिन्छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | ग.२.१ चालु खर्च खाता विजोर वर्ष | ५६०६१६१ | १२७७४५०२ | ० |
| २ | ग.२.३ पूंजीगत खर्च खाता विजोर वर्ष | १४७९२१६४ | १५६५७९१० | ० |
| ३ | ग.३.१ स्थानीय तह धरौटी खाता | ३८७७६६१ | ९५४८७३ | ० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>ग.४.१ स्थानीय तह संचितकोष खाता</td><td>१३८०००</td><td>२३७६२३४</td><td>०</td></tr>
<tr><td>५</td><td>ग.५.१ स्थानीय तह विविधकोष खाता</td><td>९९६९८</td><td>३१४७१९</td><td>०</td></tr>
<tr><td>६</td><td>ग.७.२ स्थानीयतह प्रकोप व्वस्थापनकोष खाता</td><td>-७५३४०००</td><td>३०००९७३</td><td>०</td></tr>
<tr><td>७</td><td>आन्तरिक राजस्व खाता</td><td>१७४११३७</td><td>१७४११३७</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१६९७९६८४</td><td>३६८२०३४७</td><td>१९८४०६६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>सार्वजनिक लेखापरीक्षण<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७घ(३) मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्पन्न भए पश्चात् सोको सन्चालन र मर्मत सम्भारको जिम्मेवारी उपभोक्ता समितिमा रहने गरी सम्झौता गर्नुपर्ने व्यहोरा अधिकांश सम्झौतामा समावेश गरेको देखिएन । साथै नियम ९७ मा उपभोक्ता समितिले प्रत्येक किस्तावाट गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारवाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्नुपर्ने प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाइएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशील वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | पाइएन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।<br><br>• कार्यालयको श्रेष्ता र वैक वीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br><br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जूमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाइएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितणमुखि रहेको पाइयो।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो<br><br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।<br><br>• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br><br>• कुनै रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्नेमा तोकेको पाइएन।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाइएन ।<br><br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको | |

| | | | | |
|---|---|---|---|---|
| | | | • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३३ जनाको दरबन्दी रहेकोमा १६ दरबन्दी रिक्त रहेको पाइयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागू गरेको पाइएन ।<br><br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २१ | | | **योजना हस्तान्तरण**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न भएको योजनाको स्वामित्व निर्माण सम्पन्न भए पश्चात सोही समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले सो वमोजिम योजना हस्तान्तरण गरेको पाइएन । योजना हस्तान्तरण नहुंदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत गाउँपालिकामा रही थप व्ययभार थपिन जाने देखिन्छ । | |
| २२ | | | **गत बर्षको दायित्व भुक्तानी**<br><br>सुदुर पश्चिम आर्थिक कार्यविधि नियमावली २०७४ को नियम ४१(८) मा अघिल्लो बर्षको खर्चको दायित्व सृजना गर्दा स्वीकृत दरबन्दीको तलब भत्ता सरुवा दैनिक भ्रमण भत्ता भाडा लुगा भत्ता बन्दीको सिदा मात्र दायित्तव सृजना गरी कार्यालयले प्रमाणित गरी प्रदेश कोष लेखा इकाईबाट प्रमाणित गरी अर्को वर्ष भुक्तानी दिन सकिने व्यवस्था रहेको छ । पालिकाले गत बर्षको | |

<table>
<tr><td></td><td></td><td></td><td>योजनाको रकम भुक्तानी गर्न वांकी देखाई चालु वर्षको बजेटमा राखी सभाबाट स्वीकृत गराई रु ६११५७७५। भुक्तानी गरेको देखियो । भुक्तानी बाँकीको प्रमाणित विवरण अनुसार बजेट व्यवस्था गरेर मात्र खर्च गर्नुपर्दछ ।
<table>
<tr><th>भौ नं र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>११/०७८/७/१५</td><td>सडक मर्मत सम्भार समूह उपभोक्ता समिति मार्ग देखि चैत्रसम्म</td><td>९५७१२५</td></tr>
<tr><td>५/०७८/७/५</td><td>न्यू कालिका निर्माण सेवा</td><td>३८८८३०६</td></tr>
<tr><td>८/०७८/७/२५</td><td>खांदा कालापानी ग्रामीण सडक भुक्तानी</td><td>१०७०३४४</td></tr>
<tr><td>८७/०७८/९/१२</td><td>सस्वती मा.वि झांता ०७६/७७ को रकम भुक्तानी</td><td>४०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६३१५७७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>न्याय सम्पादन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्षको बाँकी नरहेको र यो बर्ष ८ विवाद दर्ता भएकोमा ४ वटा मात्र फछ्र्यौट भई १ जिल्ला प्रहरीमा गएको र ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>आर्थिक सहायता<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । गाउँपालिकाले यो वर्ष ७१ व्यक्ति एवं संस्थालाई रु ४०३५९०। आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २५ | | | **उर्जा अनुदान सम्झौता**<br><br>रामारोशन गाउंपालिकामा सौर्य उर्जा प्लानट राखी लागत ईष्टिमेट रु.४,४९,०६,६७,६१८। भएकोमा ७० मेगावाट विद्युत उत्पादन गरी विद्युत प्राधिकरणलाई विक्री गरी आय आर्जन गर्ने उदेश्य राखी स्काई व्लु टेक्नोलोजी नेट वर्क प्रा.ली ललितपुरको संस्थापक महाप्रवन्धक श्री श्यामराज पाण्डे र गाउंपालिका प्रमुख प्रशासकीय अधिकृत श्री रामबहादुर भण्डारी वीच २०७८।४।८ मा सम्झौता भएको छ । उक्त सम्झौतामा गाउंपालिकाले जग्गा उपलब्ध गराई पूर्वाधारको विकास गर्ने रु.२५,००,०००। अनुदान दिने भनी सम्झौता भई पूर्वाधारको विकास गराई यो बर्ष रु.१५,००,०००। अनुदान उपब्ध गराएको देखियो । आयोजना कार्यान्वयन पश्चात् पालिकाले रु.१८,७१,११,१५०। बराबरको शेयर पाउने र बार्षिक रु.२,८७,७६,६००। रोयल्टी प्राप्त गर्ने २५ वर्ष पछि आयोजना गाउंपालिकाको हुने निर्माणस्थलमा कृषि तथा पर्यटन उद्योग व्यवसाय संचालन गरी उर्जा प्रवर्द्धन केन्द्र विकास भई जनताको जीवनस्तर उठ्ने उद्देश्य रहेको छ । पालिकाले गरेको अनुदान र अन्य लगानीको सदुपयोग गरी सम्झौता अनुसारको शेयर प्रमाण-पत्र प्राप्त हुने सुनिश्चितता र अनुदानको उपयोगमा ध्यान पुर्याउनुपर्ने देखिन्छ । | |
| २६ | | | **प्रतिवेदन पेश नगरेको**<br><br>विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका आर्थिक वर्ष २०७८/७९ अनुसार क्रियाकलाप नं २.७.१३.११ मा शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्र व्यवस्थापन समितिको निर्णय वार्षिक कार्ययोजना प्रस्तावना, प्रतिवेदन विल भरपाई लगायतका आधारमा सामुदायिक सिकाई केन्द्रहरुलाई अनुदान दिने व्यवस्था रहेकोमा देहायका सामुदायिक सिकाई केन्द्रहरुलाई निर्देशिका विपरीत तथा शर्तहरु पूरा नगरी रकम निकासा गरेको देखिएकोले । उक्त केन्द्रहरुले अनुदान निकासाका लागि पेश गरेको प्रस्तावना बमोजिमको सोको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन एवं लेखापरीक्षण प्रतिवेदन पेश गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.<br><br>सि.नं. \| विवरण \| रकम<br>१ \| चाफामाडौँ सामुदायिक सिकाई केन्द्र \| १०४०००<br>२ \| शान्तडा सामुदायिक सिकाई केन्द्र \| १०४००० | ५२०,००० |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३</td><td>झाता सामुदायिक सिकाई केन्द्र</td><td>१०४०००</td></tr>
<tr><td>४</td><td>रामारोशन सामुदायिक सिकाई केन्द्र</td><td>१०४०००</td></tr>
<tr><td>५</td><td>सुतार सामुदायिक सिकाई केन्द्र</td><td>१०४०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५२००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार एवं विपन्न व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । सोही कार्यक्रममा यस गाउँपालिका अन्तर्गत ७ वडामा ४८ योजना सञ्चालन गरी यस वर्ष ५०८ जनालाई औसतमा ९७ दिन रोजगारी उपलव्ध गराई रु.२,८०,१०,१०४। खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना हुने भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम<br><br>नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गतको आवासको अधिकार सम्बन्धी ऐन, २०७५ वमोजिम गरिवीको रेखामुनी रहेका, प्रकोपको कारण घरवार विहिन रहेका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायत सामाग्री खरिदको लागि गरिवीको रेखामुखी रहेका पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छाना मुनी ल्याउने कार्यक्रम अन्तर्गत यो बर्ष बजेट रु २३०००००। मध्ये खर्च रु २०३०००००। भएको छ । जस्ताको छाना लगाउने अभियान अनुसार प्रति परिवार रु ५००००। दिने उल्लेख भएकोमा गत बर्ष २०७७/७८ मा ७० परिवारलाई प्रतिपरिवार रु २१०००।- पेश्की उपलब्ध गराएकोमा यो बर्ष गत बर्षको पेश्की कटाई प्रति परिवार रु २९०००। दरले भुक्तानी भएको छ । लाभग्राही ७० परिवारलाई तोकिएको रकम भुक्तानी दिन पहिलेको अवस्था सहितको लाभग्राहीको फोटो वडा अध्यक्षको सिफारिश, दावी फाराम र विल भरपाई प्राविधिक मूल्याङ्कन गरी दिने व्यवस्था रहेकोमा कार्यालयले सो बमोजिम अनुगमन मूल्यांकन गरेको पाइएन ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २९ | | | **वित्तीय समानीकरणबाट शिक्षकको तलव भत्ता**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदानवाट तलव भत्ता उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका विद्यालयका ७४ शिक्षकहरुलाई रु २४०४५५००।- वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी गरेको पाइयो । विद्यालयको आन्तरिक श्रोतवाट तलव भत्ता भुक्तानी हुने गरी नियुक्त निजी शिक्षकलाई गाउँपालिकाले तलव भत्ता भुक्तानी दिएकोले नियमित नदेखिएको रु | २४,०४५,५०० |
| ३० | | | **आ.ले.प. प्रतिवेदन कायम**<br><br>आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७को नियम ८५ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट गरी सक्नुपर्ने व्यवस्था रहेकोमा आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजु फस्र्यौट गरेको नदेखिएकोले देहायका वेरुजु असुल फर्स्यौट गर्नुपर्ने रु | ५८,७७५ |

| गो भौ नं र मिति | नाम र विवरण | रकम |
|---|---|---|
| १६।२०७८।०७।२६ | दिपक खनाल २०७८।४।४ देखि १० सम्म कार्यालयमा हाजिर भएको समय दैनिक भ्रमण खर्च भुक्तानी भएकोले असुल गर्नुपर्ने रु | ३४११ |
| १६।२०७८।०७।२६ | दिपक खनाल २०७८।४।१९ देखि २२ सम्म कार्यालयमा हाजिर भएको समय दैनिक भ्रमण खर्च भुक्तानी भएकोले असुल गर्नुपर्ने रु | ३६०० |
| १८४/०७९/३/८ | विल अनुसार भुक्तानी हुनुपर्ने रु २४३६२०/ भएको रु २४९४१०/ बढी भुक्तानी भएको रु | ५७९० |
| २०५/०७९/३/९ | लक्ष्मीराज पाध्य विल भरपाई अनुसार भुक्तानी हुनुपर्ने रु १३७९००/ भएको भुक्तानी रु १४१३००/ भई बढी भएको रु | ३४०० |
| २२९/०७९/३/१६ | कार्यक्रम संचालक नविन ओझा विल भरपाई अनुसार रु १९४५००/ | २५०० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>भुक्तानी हुनुपर्नेमा रु १९७०००/ भुक्तानी भएकोले बढी भुक्तानी भएको रु</td><td></td></tr>
<tr><td>२३९/०७९/३/१७</td><td>लक्ष्मीराज पाध्य विल भरपाई अनुसार भुक्तानी हुनुपर्ने रु ९३८००/ भुक्तानी भएको १०७३००/ भई बढी भएको रु</td><td>१३५००</td></tr>
<tr><td>३०९/०७९/३/२३</td><td>प्रतिक किराना पसल विल भरपाई अनुसार भुक्तानी हुनुपर्ने रु १५४५१०/भुक्तानी भएको १६९८२४/ भई बढी भएको रु</td><td>१५३१४</td></tr>
<tr><td>8/०७८/९/१२</td><td>न्याय हेल्थ नेपाल विल भरपाई अनुसार भुक्तानी हुनुपर्ने रु २८२०५/ भुक्तानी भएको रु ३५०६५/ भई बढी भएको रु</td><td>६२६०</td></tr>
<tr><td>२४/०७९/२/१९</td><td>औषधि खरिद विलभरपाई अनुसार भुक्तानी गर्नुपर्ने रु ४९४६१०/भुक्तानी भएको रु ४९९६१०/ भएकोले बढी भुक्तानी असुल गर्नुपर्ने रु</td><td>५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५८७७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>विल भरपाई<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चको पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले संघीय सशर्त पूंजीगत शीर्षकवाट नेपाल राष्ट्रिय मा.वि. लाई प्राविधिक धार संचालन अनुदान वापत रु.१००००००। विद्यालयको खातामा निकासा दिई खर्च लेखेको छ । विद्यालयले उक्त रकमवाट खर्च गरेको विल भरपाई सहितको प्राविधिक मूल्यांकन लेखापरीक्षणमा पेश भएको छैन । आर्थिक वर्षको अन्त्यमा खर्च नभएको रकम संघीय सरकारको संचित कोष दाखिला हुनुपर्नेमा कार्य प्रगति वेगर विद्यालयको खातामा निकाशा दिइ खर्च लेखेको छ । उक्त खर्चको विल भरपाइ सहितको प्राविधिक मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>१,०००,०००</td></tr>
<tr><td>३२</td><td>१८९</td><td>२०७९-३-८</td><td>सेनेटरी प्याड</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गाउंपालिका भित्रका १५ विद्यालयका १००० जना छात्राहरुको लागि सेनेटरी प्याड खरीद गर्ने लागत अनुमान अनुसार रहेकोमा ३ वटा व्यवसायीले इबिडिङ गरेकोमा सबैभन्दा कम वोलकवोल गर्ने इश्माइल मेडिसिन सप्लायर्स बाट भ्याट बाहेक २३००० परिमाणको लागि ८१.२५ दरले जम्मा रु २१११४२८६।५० भ्याट सहित खरिद गरेको छ । तोकिएको स्पेसिफिकेशन अनुसार ठीक भए नभएको बिज्ञबाट जाँच नभएको गत वर्षको मौज्दात बांकी भएकोमा के कति वांकीको परिमाण नखुलाई यो वर्ष त्यति परिमाण खर्च हुने यकिन नगरी २३००० पकेट खरीद गरी मौज्दातमा रहेको देखाएको छ । पन्ध्र विद्यालयहरुमा लाभग्राही छात्राहरुलाई उपलब्ध गराई सेनेटरी प्याडको सदुपयोग गर्नुपर्ने देखिन्छ । | |
| ३३ | ८६ | २०७८-९-१२ | **सशर्त अनुदान निकासा**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार खर्च गर्दा विल भरपाइ सहित जाँच गरी ठीक दुरुस्त देखिएमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । नेपाल राष्ट्रिय मा.वि रामारोशनलाई गत बर्ष २०७७/७८ को प्राविधिकधार अन्तर्गत कृषि वालीविज्ञान कार्यक्रम व्यवस्थापन गर्न विनियोजित रु १५०००००। रकम जग्गा खरिद गर्ने निर्णय भएकोमा जग्गा खरिद गरेको कुनै प्रमाण पेश भएन । भौ नं ३३३/०७९/३/२४ बाट सोही विद्यालयलाई प्राविधक धार संचालन अनुदान भनी रु ५०००००/ भुक्तानी गरी जम्मा रु २००००००/ गरेकोमा सशर्त अनुदानको रकम शर्त अनुसार खर्च भएको प्रमाण पेश गर्नै अन्यथा फिर्ता गर्नुपर्ने देखिएको रु | २,०००,००० |
| ३४ | | | **कार्य सम्पन्न प्रतिवेदन नभएको**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा कुनै पनि कामको प्राविधक मूल्याङ्कन गरी कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायका कामको भुक्तानी गर्दा काम भएको प्राविधिक मुल्याङ्कन वेगर भुक्तानी गरेको देखिएकोले प्राविधिक मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ । स्वीकृत वार्षिक कार्यक्रम बमोजिम विद्यायलको भौतिक पूर्वाधार निर्माणतर्फको रकम सम्झौता बमोजिम कामको आधारमा निकासा दिनुपर्दछ । पालिकाले देहायका विद्यालयहरुलाई कार्यसम्पन्न भए पश्चात मात्र अन्तिम किस्ता दिनुपर्नेमा कार्यसम्पन्न नहुदैं पूरै रकम निकासा दिएको छ । निर्देशिका बमोजिम आर्थिक वर्ष भित्र कार्यसम्पन्न गर्ने गरी रकम निकासा गर्नुपर्दछ । आर्थिक वर्षको अन्तमा कार्यसम्पन्न नभएका म्याद थप नभएको देखिएकोले विद्यालय तथा व्यवसायीसंग गरेको सम्झौता रु ८२९११५६०/ निकासा गएको रकम रु.३२८८६६१७/ को प्राविधिक मूल्यांकन सहित कार्यसम्पन्न पेश गर्नुपर्ने देखिएको रु | ३२,८८६,६१७ |

| भौ नं र मिति | विद्यालयको नाम | सम्झौता रकम/ अनुदान | यो बर्ष भुक्तानी रकम |
|---|---|---|---|
| ९०/०७९/३/२२ | विन्देश्वरी मा.वि खेल मैदान निर्माण | ८९४८८०७ | ८६३५०० |
| ९१/०७९/३/२३ | मन्दाकिनी आ.वि भवन निर्माण | २७२८००० | १९१३७९१ |
| ९६/०७९/३/२३ | कालिका आ.वि भवन निर्माण | ५६७५९१७ | ९३८००० |
| ९७/०७९/३/२३ | नवदुर्गा आ.वि रामारोसन | ५६६०९५५ | ९३७५०० |
| ९९/०७९/३/२५ | नेपाल राष्ट्रिय मा.वि रामारोसन -२भवन निर्माण व्यवसायी न्यू कालीका निर्माण | १४०९१३४० | ११०७०६८ |
| | नन्दादेवी आधारभूत विद्यालय मलाता ४कोठे भवन | ३६००००० | ३६००००० |
| | बढीमालीका आधारभूत विद्यालय -६को २ कोठे भवन | १८००००० | १८००००० |
| | कालिका आधारभूत विद्यालय तल्लो पाताल २ कोठेभवन | १८००००० | १८००००० |
| | गरुडा आधारभूत विद्यालय डोग्र | १८००००० | १८००००० |
| | कालिका आधारभूत विद्यालय परीवन २ कोठेभवन | १८००००० | १८००००० |
| | शिशुकल्या आधारभूत विद्यालय भैतासेन २ कोठे भवन | १८००००० | १८००००० |
| | जनजाग्गृति आधारभूत विद्यालय जेठरी २ कोठे भवन | १८००००० | १८००००० |
| | कृष्ण आधारभूत विद्यालय भिरगाउं २कोठे भवन | १८००००० | १८००००० |
| | गुप्ता आधारभूत विद्यालय सुतार २ कोठेभवन | १८००००० | १८००००० |

| | | | |
|---|---|---|---|
| | बालकल्याण आधारभूत विद्यालय धाकामाण्डौ २ कोठेभवन | १८००००० | १८००००० |
| | कैलाशेश्वर आधारभूत विद्यालय सनानीगाउं २ कोठेभवन | १८००००० | १८००००० |
| | जनकल्याण आधारभूत विद्यालय रान्खी २ कोठेभवन | १८००००० | १८००००० |
| | नवदुर्गा आधारभूत विद्यालय तडीगैरा २ कोठेभवन | १८००००० | १८००००० |
| ९७/०७९/३/२३ | वडा नं ५ कार्यालय भवन निर्माण व्यवसायी टि.डि आर कन्ट्रक्सन प्रा.लि धनगढी | २०६०६५४१ | १९२६७५८ |
| | जम्मा | ८२९११५६० | ३२८८६६१७ |

३५

**अग्रिम कर कट्टी नभएको**

४२,३६०

आयकर ऐन २०५८ दफा ८७ अनुसार पारिश्रमिक आयमा लाग्ने कर रकम अग्रिम कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारीहरुलाई पारिश्रमिक भुक्तानी गर्दा अग्रिम कर कट्टा नगरी भुक्तानी गरेको देखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु

| कर्मचारीको नाम | मासिक तलब र भत्ता | बार्षिक आय | बार्षिक पाउने छुट रकम | लाग्ने कर | कट्टी कर | नपुग कर |
|---|---|---|---|---|---|---|
| श्री लक्ष्मीराज पाध्ये | ५३९९० | ७६९४३८ | ६१७१३६ | २०४६० | ० | २०४६० |
| किरण थापा | ४६७९० | ६०९४७० | ४३०००० | २५८९४ | २०६९४ | ५२०० |
| दिपक साउद | ५४००० | ६९३००० | ४५०००० | ३८६०० | २१९०० | १६७०० |
| जम्मा | १५४७८० | २०७१९०८ | १४९७१३६ | ८४९५४ | ४२५९४ | ४२३६० |

| | | | | |
|---|---|---|---|---|
| ३६ | 307 | २०७९-३-२२ | **कोभिड प्रोत्साहन भत्ता**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १३४ मा नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा खर्च गर्दा वा दायित्व सृजना गर्दा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था छ। कार्यालयले शसर्त अनुदान रकमबाट खर्च हुने कार्यवाहक गाउंपालिका अध्यक्ष श्री सरस्वती लामाको अध्यक्षतामा बैठक बसी स्वास्थ्यका कर्मचारीहरुलाई तलबको ५०% कोभिड प्रोत्साहन भत्ता दिने निर्णय २०७८/११/८ मा निर्णय गराई स्वास्थ्य संयोजक श्री प्रभुनाथ देवकोटा समेत ६० जना कोभिड प्रोत्साहन भत्ता भनी अर्थ मन्त्रालयको सहमति वेगर रु ४९७०८५०। खर्च लेखेको देखिएकोले खर्च गर्न नपाउने रकम भुक्तानी गरेको देखिएकोले सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने देखिएको रु | ४,९७०,८५० |

| सि नं | पद र नाम | भुक्तानी रकम | कट्टी कर रकम | खुद पाउने रकम |
|---|---|---|---|---|
| १ | सि.अ.हे.व श्री डम्बर बहादुर शाह | ११५१७० | १७२७६ | ९७८९५ |
| २ | अ.न.मी श्री भक्ति कुमारी सिंह | ९०६०० | १३५९० | ७७०१० |
| ३ | का.स श्री पुष्षराज खनाल | ७९७१० | ११९५७ | ६७७५४ |
| ४ | अ.हे.व. श्री मिनबहादुर परियार | ९०६०० | १३५९० | ७७०१० |
| ५ | अ.न.मी श्री उर्मिला धमला | ९०६०० | १३५९० | ७७०१० |
| ६ | अ.न.मी श्री निर्मला कुमारी शाह | ७९८३० | ११९७५ | ६७८५६ |
| ७ | अ.हे.व. श्री रमेश न्यौपाने | ८५८३० | १२८७५ | ७२९५६ |
| ८ | सि.अ.हे.व श्री अरविन्द बहादुर रावल | ९०६०० | १३५९० | ७७०१० |
| ९ | लेखापाल श्री विवेक जैसी | ९०६०० | १३५९० | ७७०१० |
| १० | अ.न.मी श्री राजेश्वरी विष्ट | ९०६०० | १३५९० | ७७०१० |

| | | | | |
|---|---|---|---|---|
| ११ | का.स श्री भोटे वोहरा | ७९७१० | ११९५७ | ६७७५४ |
| १२ | अ.हे.व. श्री नरेन्द्र बुढा | ८५८३० | १२८७५ | ७२९५६ |
| १३ | अ.न.मी श्री देविन्दा शाह | ९०६०० | १३५९० | ७७०१० |
| १४ | अ.न.मी श्री दिला कुमारी साउद | ९०६०० | १३५९० | ७७०१० |
| १५ | हेल्थ असिष्टेन्ट श्री हिमेश खनाल | ९०६०० | १३५९० | ७७०१० |
| १६ | अ.हे.व. श्री लौसरा कुमारी सहकारी | ८५८३० | १२८७५ | ७२९५६ |
| १७ | लेखा अधिकृत झनक प्रसाद न्यौपाने | ११३९७० | १७०९६ | ९६८७५ |
| १८ | का.स श्री शेर बहादुर बुढा | ७९७१० | ११९५७ | ६७७५४ |
| १९ | स्टाफ नर्स श्री भजन शाह | ९०६०० | १३५९० | ७७०१० |
| २० | हेल्थ असिष्टेन्ट श्री दिपक खनाल | १३५९०० | २०३८५ | ११५५१५ |
| २१ | अ.हे.व. श्री केशर वि.क | ८५८३० | १२८७५ | ७२९५६ |
| २२ | अ.न.मी श्री शुशिला कुमारी रोका | ९०६०० | १३५९० | ७७०१० |
| २३ | अ.हे.व. श्री लोकेन्द्र बहादुर रावत | ९०६०० | १३५९० | ७७०१० |
| २४ | अ.न.मी श्री ममता कुमारी बुढा | ८५८३० | १२८७५ | ७२९५६ |
| २५ | अ.हे.व. श्री श्याम बहादुर भण्डारी | ८५८३० | १२८७५ | ७२९५६ |
| २६ | प्र.प्र अ. श्री रामबहादुर भण्डारी | ११३९७० | १७०९६ | ९६८७५ |
| २७ | का.स श्री मदन बहादुर भण्डारी | ७९७१० | ११९५७ | ६७७५४ |

| | | | | |
|---|---|---|---|---|
| २८ | हेल्थ असिष्टेन्ट श्री भुपेन्द्र बहादुर बुढा | १३५९०० | २०३८५ | ११५५१५ |
| २९ | अ.न.मी श्री रमना कुमारी साउद | ८५८३० | १२८७५ | ७२९५६ |
| ३० | अ.न.मी श्री विपना कुमारी साउद | ८५८३० | १२८७५ | ७२९५६ |
| ३१ | अ.न.मी श्री मनसरा रिमाल | ८५८३० | १२८७५ | ७२९५६ |
| ३२ | अ.न.मी श्री चित्रा कुमारी सिंह | ८५८३० | १२८७५ | ७२९५६ |
| ३३ | अ.न.मी श्री शान्ती परियार | ८५८३० | १२८७५ | ७२९५६ |
| ३४ | का.स श्री विशाखर तिमल्सिना | ५८४४० | ८७६६ | ४९६७४ |
| ३५ | का.स श्री शेर बहादुर साउद | ५८४४० | ८७६६ | ४९६७४ |
| ३६ | का.स श्री पदम बहादुर साउद | ५८४४० | ८७६६ | ४९६७४ |
| ३७ | हेल्थअसिष्टेन्ट श्री गोविन्द वोहरा | ९०६०० | १३५९० | ७७०१० |
| ३८ | ज.स्वा.नी श्री प्रभूनाथ देवकोटा | १७२७५५ | २५९१३ | १४६८४२ |
| ३९ | हेल्थ असिष्टेन्ट श्री लोकेन्द्र बहादुर भण्डारी | ९०६०० | १३५९० | ७७०१० |
| ४० | हेल्थ असिष्टेन्ट श्री रमेश बहादुर रावल | ९०६०० | १३५९० | ७७०१० |
| ४१ | अ.न.मी श्री भावना कुमारी बुढा | ८५८३० | १२८७५ | ७२९५६ |
| ४२ | आ.ले.प श्री जनक प्रसाद उपाध्याय | ४५३०० | ६७९५ | ३८५०५ |
| ४३ | स्टाफनर्स श्री शारदा वोहरा | २२६५० | ३३९८ | १९२५३ |
| ४४ | अ.न.मी श्री उर्मिला खनाल | ८५८३० | १२८७५ | ७२९५६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ४५ | का.स श्री राजेश वि.क | ५७९०० | ८६८५ | ४९२१५ | |
| | | | ४६ | अ.न.मी श्री कमला कुमारी शाह | ७९८३० | ११९७५ | ६७८५६ | |
| | | | ४७ | अ.न.मी श्री हेमलता उपाध्याय | ७९८३० | ११९७५ | ६७८५६ | |
| | | | ४८ | अ.न.मी श्री नविना कुमारी वोहरा | ७९८३० | ११९७५ | ६७८५६ | |
| | | | ४९ | अ.न.मी श्री हिरा रावत | ७९८३० | ११९७५ | ६७८५६ | |
| | | | ५० | ल्या.अ. श्री मिन बहादुर विष्ट | १२८७४५ | १९३१२ | १०९४३३ | |
| | | | ५१ | अ.हे.व. श्री वम बहादुर साउद | ७९८३० | ११९७५ | ६७८५६ | |
| | | | ५२ | अ.हे.व. श्री डम्बर बहादुर बुढा | ७९८३० | ११९७५ | ६७८५६ | |
| | | | ५३ | ल्या. अ. श्री विन्दु रावल | ८५८३० | १२८७५ | ७२९५६ | |
| | | | ५४ | स्वीपर श्री धना साउद | ४५००० | ६७५० | ३८२५० | |
| | | | ५५ | स्वीपर श्री नाम टमाट्ट | ४५००० | ६७५० | ३८२५० | |
| | | | ५६ | स्वीपर श्री सरस्वती कामी | ४५००० | ६७५० | ३८२५० | |
| | | | ५७ | स्वीपर श्री तारादेवी न्यौपाने जैसी | ४५००० | ६७५० | ३८२५० | |
| | | | ५८ | स्वीपर श्री कालु लोहार | ४५००० | ६७५० | ३८२५० | |
| | | | ५९ | स्वीपर श्री मनसरा पुनमगर | ४५००० | ६७५० | ३८२५० | |
| | | | ६० | स्वीपर श्री विमला कुमारी साउद अयडी | ४५००० | ६७५० | ३८२५० | |
| | | | | जम्मा | ४९७०८५० | ७४५६२८ | ४२२५२३७ | |

| | | | | |
|---|---|---|---|---|
| ३७ | | | **जिन्सी एकीकृत नभएको**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मागाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउंपालिका समग्रमा एक कार्यालय भएकोले यस भित्रका गाउंपालिका , गाउंपालिका भित्रका ७ वडा कार्यालय, शिक्षा, स्वास्थ्य, कृषि र पशु जस्ता इकाइ समेतको एउटै जिन्सी खातामा खर्च हुने र नहुने मालसमानको एकिकृत जिन्सी बिबरण राखी अध्यावधिक अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले गाउंपालिका कार्यालयको छुट्टै जिन्सी खाता र अन्य विषयगत निकाय र वडा कार्यालयहरुको छुट्टा छुट्टै अभिलेख राखेको देखिएकोले एकीकृत जिन्सी खाता तयार गरी अध्यावधिक राख्नु पर्दछ । | |
| ३८ | | | **वार्षिक प्रतिवेदन**<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३९ | | | **धरौटी**<br><br>आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ६४ मा कार्यालयले आप्नो नामबाट एकल कोष धरौटी खातामा जम्मा गरेको रकम आम्दानी तथा खर्च गर्दा गोश्वरा तथा व्यक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ।कार्यालयले धरौटीको आर्थिक विवरणमा गत बर्षको जिम्मेवारी रु४०११००५/-यस बर्षको आय रु ८२१५२८/जम्मा रु ४८३२५३३ खर्च रु ५९८६०४ भई बांकी रु ४८३२५३४ म्याद नाघेका फिर्ता गर्न नपर्ने धरौटी रकम छानविन गरी फिर्ता गर्न नपर्ने पुराना धरौटी रकम सदर स्याहा गर्नु पर्ने देखिन्छ | |
| ४० | | | **दैनिक भ्रमण भत्ता**<br><br>भ्रमण खर्च नियमावली २०६४ को नियम ५ मा भ्रमण काज खटाउने पदाधिकारी उल्लेख भएको छ । भ्रमण काज खटाउंदा अधिकार प्राप्त अधिकारीले मात्र काज खटाउन सकिने व्यवस्था भए पनि गाउंपालिकाको भ्रमण आदेशमा प्रमुख प्रशासकीय | |

| | | | | |
|---|---|---|---|---|
| | | | अधिकृत, गाउंपालिका उपाध्यक्ष ,वडा अध्यक्ष ,वडा सचिव, स्वास्थ्य चौकी प्रमुख आफैले भ्रमण आदेश स्वीकृत गरी यो वर्ष रु ३६१०८००/ भुक्तानी गरेको देखिएकोले नियम सम्वत देखिएन । नियमको पालना गरी तोकिएको पदाधिकारीबाट मात्र भ्रमण आदेश स्वीकृत गर्नुपर्दछ । | |
| ४१ | | | **जिन्सी व्यवस्थापन र लगत अद्यावधिक**<br><br>गाउँपालिकामा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामानहरु जस्तै ल्यापटप, कम्प्यूटर, प्रिन्टर, टेवल, कुर्सी, दराज जस्ता मालसामानहरु कार्यालयको मूल जिन्सी खातावाट सम्बन्धित व्यक्ति, वडा कार्यालय र विषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई माग फारामको आधारमा हस्तान्तरण जनाई मौज्दात घटाएको पाइयो । अतः उक्त सामानहरु वडा कार्यालय र विषयगत शाखाहरुले पनि आम्दानी नबाँधेको कारण हराउन सक्ने देखिएकोले सहायक जिन्सी खाता राखी सामान वुझाउनु पर्ने र हस्तान्तरण भनी मौज्दातबाट घटाइएका मालसामानहरु कार्यालयकै मूल जिन्सीमा आम्दानी बाँधी लगत अद्‌यावधिक गर्नुपर्ने देखिन्छ । | |
| ४२ | | | **रकम ढिला दाखिला**<br><br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका अन्तर्गतका वडाहरुले कतिपय मासिकरुपमा दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ । | |
| ४३ | | | **आयको अनुमान**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आयव्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित आय रु ४००००००। प्रक्षेपण गरेको भए तापनि आर्थिक वर्ष २०७८।७९ मा रु.१७४११३७/- आय प्राप्त गरेको छ । आय अनुमानको ४३% मात्र प्रगति गरेकोले आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |

४४

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २००००० | २९५२५५ | १४७.००% |
| घरजग्गा वहाल कर | २००००० | ३०८९६२ | १५४.००% |
| व्यवसाय कर | १००००० | ० | ०.००% |
| अन्य आय | ३५०००००० | ९७३५२८ | २७.००% |
| जम्मा | ४००००००० | १५७७७९९ | ३९.४४% |

गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

४५

**आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय

<table>
<tr><td></td><td></td><td></td><td>अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>
<table>
<tr><td>केन्द्रीय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
<tr><td>५००३५४९४०</td><td>१७४११३७.०१</td><td>०.३४%</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>असुली गर्न बाँकी आन्तरिक आय<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा निर्माण व्यवसायी नाति कन्स्ट्रक्शनबाट ढुंगा गिट्टी बालुवा संकलन गर्नका लागि पालिकासँग २०७९।२।११ मा सम्झौता भई रु ८०००००। राजस्व रकम २०७९ आषाढ मसान्तसम्म असुल गर्नुपर्नेमा हालसम्म नगरेकोले सम्बन्धितसँग मूल्य अभिवृद्धि कर समेत असुल गर्नुपर्ने रु</td><td>८००,०००</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता<br><br>गत वर्षको जिम्मेवारी रसिद संख्या. यो वर्ष छपाइ गरेको समेत जम्मा रसिद संख्यामा यस वर्षको खर्च घटाई बांकी रसिद थानको विवरण स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता राख्नु पर्दछ । यो वर्ष प्रयोग भएका सबै रसिद फिर्ता गरी आम्दानी यकिन गर्नुपर्दछ । आम्दानीतर्फ गोश्वारा भौचर खडा गरी वैंक दाखिला विवरण समेत अद्यावधिक गरी राख्नुपर्नेमा वैंक दाखिला विवरण र गोश्वारा भौचर तयार नगरेको कारण आम्दानी यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>विजक वेगर भुक्तानी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार खर्च गर्दा विल भरपाई सहित जाँच गरी</td><td>२,९४८,९०१</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>ठीक दुरुस्त देखिएमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले देहायका भुक्तानी गरेको मा वीजक पेश नभएकोले वीजक पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><td>भौ नं र मिति</td><td>व्यवसायीको नाम</td><td>भुक्तानीरकम</td></tr>
<tr><td>८२/०७९/३/९</td><td>इन्द्रधनु निर्माण सेवा</td><td>११५८९०१</td></tr>
<tr><td>५४/०७९/३/९</td><td>इन्द्रधनु निर्माण सेवा विल नं १६/०७९/३/२</td><td>१३०००००</td></tr>
<tr><td>३८/०७८/९/७</td><td>विभिन्न विद्यालयहरुको भवन अध्ययनको लागि परामर्श दाता आइसाइट रिसर्च एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. विल नं ०९०७८/३/२०</td><td>४९००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२९४८९०१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>हेभी इक्वीपमेन्ट<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँपालिकाबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्:</td><td></td></tr>
</table>

| गोभौनं./ मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ५/०७८/७/ १५ | रामारोशन चक्रपथ निर्माण उ.स | चक्रपथ निर्माण | ६६८५१९४ | एक्साभेटर | ६६८५१९४ |
| ८/०७८/७/ २५ | खादा कालापानी ग्रामीण सडक उपभोक्ता समिति | सडक निर्माण | ३४२४२७० | एक्साभेटर | ३४२४२७० |
| १५/०७८/ ९/५ | चापागाउं मेलकटीया किमतोला सडक उपभोक्ता समिति | सडक निर्माण | ४२०७७२७ | एक्साभेटर | ४२०७७२७ |
| | जम्मा | | १४३१७१९१ | | १४३१७१९१ |

५० **डिपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| १५ शैया अस्पताल | के.एण्ड के इन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा.ली टिकापुर | १९०२३५५ | १९०२३५५ | २००५४८१०७ |

| | | | | |
|---|---|---|---|---|
| | | | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका योजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ५१ | ८४ | २०७९-३-१५ | **एम्वुलेन्स खरीद**<br><br>गाउँपालिकाले एम्वुलेन्स खरिदको लागि रु.११९७८००। (मू.अ.कर सहितको) लागत अनुमान स्वीकृत गरी शिलवन्दी दरभाउपत्र आव्हान गरेकोमा अग्नी इन्कर्पोरेटेड प्रा.लि.को मू.अ.कर सहित रु.१०९५१९७। को दरभाउपत्र स्वीकृत भई निजसंग सम्झौता भएको छ । सम्झौतामा सामान प्राप्त हुनुपर्ने मिति उल्लेख नभएको र यो बर्ष भन्सार दस्तुर भनी रु ६१२५३। थप भुक्तानी गरेकोमा लेखापरीक्षण अवधिसम्म एम्वुलेन्स प्राप्त नभएकोमा सामान प्राप्त नहुंदै कार्य सम्पादन जमानत समेत नलिई निजलाई मूल्य अभिवृद्बि कर वाहेकको पूरै रकम पेश्की जनाइ भुक्तानी भएको छ । यो बर्ष भुक्तानी भएको रकम रु ६१२५३। नियमित नदेखिएको रु | ६१,२५३ |
| ५२ | | | **बैंक मौज्दात फिर्ता हुन बाकी**<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार सामाजिक सुरक्षा कार्यक्रममा खर्च भएको रु ११५६५४२८४/ मध्ये बैकमा रु १०५५२९/ मौज्दात रहेको प्रमाण पेश भएकोले संघीय संचितको दाखिला गर्नुपर्ने देखिएको रु | १०५,५२९ |
| ५३ | | | **वैक मार्फत भत्ता वितरण नभएको**<br><br>सामाजिक सुरक्षा कायक्र्रम संचालन कार्यविधि २०७५ को दफा २२ मा स्थानीयतहले सशर्त अनुदानको सामाजिक भत्ता वितरण कार्यक्रम मन्त्रालयको स्वीकृती वेगर हातहातै नगद वितरण गर्न नपाइने उल्लेख छ । तर गाउँपालिकाले ७ वटै वडामा प्रथम, चौमासिकमा वैकिंङ्ग प्रणाली मार्फत भत्ता वितरण नगरी स्वीकृती विना हातहातै नगद रु २८२३९९९७/ वितरण गरेको पाइयो । सम्बन्धित वडाले पेश्की फछर्यौटको फाँटवारी पेश गर्दा कुनै वडाले तेरिजसम्म वनाएको देखिएन। यसरी वितरित सामाजिक | |

| | | | | |
|---|---|---|---|---|
| | | | सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीले प्राप्त गरे नगरेको एकिन हुन सकेन। अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । लाभग्राहीहरुको मृत्यु भएमा, वसाई सराई गरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, वालविलकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नविकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नवुझेमा वा वैक मार्फत वितरण भएकोमा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीयतहले मूल अभिलेखवाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार सामाजिक सुरक्षाको लगत अद्यावधिक भएको देखिएन । अद्यावधिक लगतका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्थाको पूर्ण रुपमा पालना हुनुपर्दछ ।दोस्रो चौमासिक देखि बैक मार्फत कारोबार भएको छ । यो बर्ष सामाजिक सुरक्षा कार्यक्रममा बजेट ११७११८०३२ भएकोमा निकासा र खर्च रु ११५६५४२८४/ भएको छ । | |
| ५४ | १०९ | २०७८-९-२१ | **नपाउने सुविधा भुक्तानी**<br><br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा गाउँसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ अनुसारको सुविधा पाउने व्यवस्था रहेको छ । कार्यालयले गाउंपालिका अध्यक्ष र उपाध्यक्षहरुलाई राशन खर्च भुक्तानी भनी प्रतिक किराना पसललाई दाल चामल चियापत्ति ग्यास लगायतको सामानको रु २९७३००/ भुक्तानी गरेकोले नियम संगत नदेखिएको रु | २९७,३०० |
| ५५ | | | **अग्रिम कर**<br><br>आयकर ऐन २०५८ दफा ८९ अनुसार पार.श्रमिक आयमा लाग्ने कर रकम अग्रिम कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारीहरुलाई पारिश्रमिक भुक्तानी गर्दा अग्रिम कर कट्टा नगरी भुक्तानी गरेको देखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने र | ६८,१०० |

| भौ नं र मिति | कर्मचारीको नाम | भुक्तानीरकम | १५% कर |
|---|---|---|---|
| ३३९/०७९/३/२४ | अपरेटर श्री मोहन प्रसाद जैसी प्रति घण्टा ३००/ दरले ५२० घण्टाको | १५६००० | २३४०० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>सहायक अपरेटर श्री लोक बहादुर अयडी प्रति घण्टा १५०/ दरले ५२० घण्टाको</td><td>७८०००</td><td>११७००</td></tr>
<tr><td>११७/०७८/११/१९</td><td>अपरेटर श्री मोहन प्रसाद जैसी प्रति घण्टा ३००/ दरले ५२० घण्टाको</td><td>१४७०००</td><td>२२०५०</td></tr>
<tr><td></td><td>सहायक अपरेटर श्री लोक बहादुर अयडी प्रति घण्टा १५०/ दरले ५२० घण्टाको</td><td>७३०००</td><td>१०९५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४५४०००</td><td>६८१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>
बिजक वेगर भुक्तानी<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चको पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयले देहायका कारोवारको भुक्तानीमा विजक वेगर भुक्तानी गरेको देखिएकोले विजक पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु<br><br>
<table>
<tr><td>भौ नं र मिति</td><td>विवरण</td><td>विल नं र मिति</td><td>भुक्तानीरकम</td></tr>
<tr><td>३४०/०७९/३/२४</td><td>पत्र पत्रिका सूचना वापत भुक्तानी</td><td>१५९/०७९/३/२०रामारोशन अनलाइन</td><td>१५०००</td></tr>
<tr><td>३४०/०७९/३/२४</td><td>पत्र पत्रिका सूचना वापत भुक्तानी</td><td>१५८/०७९/३/२०रामारोशन अनलाइन</td><td>१५०००</td></tr>
<tr><td>३४०/०७९/३/२४</td><td>पत्र पत्रिका सूचना वापत भुक्तानी</td><td>१५७/०७९/३/२०रामारोशन अनलाइन</td><td>१००००</td></tr>
</table>
</td><td>२६६,६६६</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३४०/०७९/३/२४</td><td>पत्र पत्रिका सूचना वापत भुक्तानी</td><td>१६०/०७९/३/२०रामारोशन अनलाइन</td><td>१००००</td></tr>
<tr><td>१४२/०७८/१०/२०</td><td>पत्र पत्रिका सूचना वापत भुक्तानी</td><td>३४/०७८/८/२२साझा एडभरटाइजिङ्ग धनगढी</td><td>५८३०८</td></tr>
<tr><td>१४२/०७८/१०/२०</td><td>पत्र पत्रिका सूचना वापत भुक्तानी</td><td>०१/०७८/१०/११साझा एडभरटाइजिङ्ग धनगढी</td><td>६२६४७</td></tr>
<tr><td>१०१/०७८/९/२०</td><td>कार्यालय सामान</td><td>लक्ष्मी ट्रेड एण्ड सप्लायर्स विल नं १३२/०७८/९/८</td><td>९५७११</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२६६६६६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>एक्जाभेटरको प्रयोग<br><br>पालिकाले आर्थिक वर्ष २०७६।७७ मा रु.१ करोड ४७ लाखमा एक्साभेटर खरिद गरेको छ । उक्त एक्साभेटर गाउँपालिकाले स्थानीय विकास निर्माणमा प्रयोग गर्ने र उपभोक्ता समिति, निर्माण व्यवसायीलाई भाडामा उपलब्ध गराई आय आर्जन गर्ने उद्देश्य रहेको छ । यो वर्ष गाउँपालिकाले मर्मत, अपर्टर, सहायक अपरेटर खर्च गरी रु १९७९५८२/ खर्च भएको र सोमा २ अपरेटर सहायक अपरेटरको तलब समावेश भएको छैन । गाउँपालिकाले स्थानीय सडक मर्मत तथा निर्माणमा डोजर प्रयोग गर्न दिएको कार्यादेश, लगशिट लगायतका कागजात लेखापरीक्षणमा पेश भएन । यसले गर्दा डोजरको यथार्थ आम्दानी यकिन गर्न सकिएन । यस सम्बन्धमा गाउँपालिकाले थप छानविन गरी डोजर भाडा यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td>११५</td><td>२०७९-३-२४</td><td>पर्यावरणमा आधारीत अनुकूलन परियोजना<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा रकम भुक्तानी दिनु अघि विल भरपाई ,कार्यसम्पन्न प्रतिवेदन खर्चको पुष्टयाई हुने अन्य सम्झौता अनुसारको कागजात प्रमाण जांच गरी ठीक दुरुस्त देखिएमा भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले पर्यावरणमा आधारित अनुकूलन परियोजना २ रामारोशन गाउंपालिका वडा नं ५ र ६ मा भाटकरियामा रामारोशन चरण क्षेत्र व्यवस्थापन ,गह्रा सुधार, खोला किनारमा फिल्टरिङ्ग ड्याम मर्मत तथा पोखरी निर्माण</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यको उपभोक्ता समिति ५ लाई लागत अनुमान रु ४८१४३५९। रहेको कार्यको कार्यालयको अनुदान रु ३८५१०००। उपभोक्ता समितिको योगदान रु ९६३३५९। रहने गरी सम्झौता गरी रु ४८१४३५९। भुक्तानी हुनुपर्नेमा कामको कार्यसम्पन्न रु ४६४४४३५। को पेश भएकोले तोकिए भन्दा घटी काम भएको भनी रु ३५२९७७०/ भुक्तानी गरेको देखिन्छ । | |